घरपझोङ गाउँपालिका

# चालुकोष स्थापना तथा बीउपुँजी परिचालन कार्यविधि,२०७७

गाउँ कार्यपालिकाबाट स्वीकृतः २०७७।०३।२५ गते

घरपझोङ गाउँ कार्यपालिका

घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

# चालुकोष स्थापना तथा बीउपुँजी परिचालन कार्यविधि, २०७६

**प्रस्तावनाः**

साबिकको महिला तथा बालबालिका कार्यालयबाट स्थान्तरण भै आएका, घरपझोङ गाउँपालिकामा दर्ता भएका र सहकारी डिभिजन कार्यालयमा दर्ता भई यस घरपझोङ गाउँपालिकामा हस्तान्तरण भई आएका महिला विकास समिति र महिला सहकारी संस्था मार्फत उक्त संस्था/समितिहरुमा आवद्व महिलाहरुको आयआर्जन क्रियाकलापका निम्ति आधार स्रोतका रुपमा आवश्यक पर्ने कर्जा मागलाई टेवा, आय आर्जन तथा स्थानीयवासीको जीविकोपार्जनलाई सघाउ पुऱ्याउन गाउँपालिकामा चालुकोष स्थापना गरी बीउपुँजीलाई सुव्यवस्थित, नियमित र प्रभावकारी ढंगबाट परिचालन गर्न बाञ्छनिय भएकोले,

घरपझोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७७ दफा ४ ले दिएको अधिकार प्रयोग गरी बमोजिम घरपझोङ गाउँ कार्यपालिकाले यो कार्यविधी बनाएकोछ ।

## परिच्छेद १

## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "चालुकोष स्थापना तथा बीउपुँजी परिचालन कार्यविधि,२०७७" हुनेछ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "महिला विकास समिति" भन्नाले यस गाउँपालिकाको महिला विकास कार्यक्रम तर्फ गठन भएको महिला विकास समितिलाई जनाउँछ ।

(२) "संस्था" भन्नाले सहकारी डिभिजन कार्यालयमा दर्ता भई यस कार्यालयमा हस्तारन्तण भै आएका र यस गाउँपालिकाले बनाएको सहकारी ऐन बमोजिम दर्ता हुने महिलाद्वारा सञ्चालित सहकारी संस्थालाई जनाउँछ ।

(३) "सञ्चालक समिति" भन्नाले संस्थाले विनियमद्धारा व्यवस्था गरेको समितिलाई जनाउँछ ।

(४) "कर्जा समिति" भन्नाले विनियम बमोजिम गठन भएको कर्जा समितिलाई जनाउँछ ।

(५) "चालुकोष" भन्नाले यस निर्देशिकाको दफा ६ बमोजिम महिला विकास समिति तथा महिला सहकारी संस्थाहरूलाई बीउपुँजी उपलब्ध गराउने प्रयोजनका लागि कार्यालयमा स्थापित दफा ३ बमोजिमको कोषलाई जनाउँछ ।

(६)  "बीउपुँजी" भन्नाले यस निर्देशिकाको दफा ३ को कोषबाट दफा ७ अनुसार सम्झौता गरी महिला विकास समिति तथा महिला सहकारी संस्थालाई उपलब्ध गराउने बीउपुँजी रकमलाई जनाउँछ ।

(७) "विभाग" भन्नाले सहकारी विभागलाई जनाउँछ ।

(८) "गाउँपालिका" भन्नाले घरपझोङ गाउँपालिकालाई जनाउँछ ।

(९) "कार्यालय" भन्नाले घरपझोङ गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउँछ ।

(१०) "घरायसी काम" भन्नाले धार्मिक,सांस्कृतिक वा आयआर्जन नहुने गैर व्यवसायिक कामलाइ जनाउछ ।

(११) "सदस्य" भन्नाले महिला विकास समिति तथा महिला सहकारी संस्थाको विनियम बमोजिम सदस्यता प्राप्त गरी उक्त संस्थामा नियमित रूपमा बचत गरिरहेका व्यक्तिहरूलाई जनाउँछ । सो शब्दले महिला विकास समिति तथा महिला सहकारी संस्थाको सञ्चालक समितिका पदाधिकारीहरूलाई समेत जनाउँछ ।

(१२) "कार्यविधि" भन्नाले चालुकोष स्थापना तथा बीउपुँजी परिचालन कार्यविधि,२०७७ लाई सम्झनु पर्दछ ।

(१३) "समिति" भन्नाले दफा ६ बमोजिम चालुकोष स्थापना तथा बीउपूँजी परिचालन व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(१४) "कार्यालय" भन्नाले घरपझोङ गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(१५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(१६) "लेखा प्रमुख" भन्नाले कार्यालयको लेखा प्रमुख सम्झनु पर्दछ ।

## परिच्छेद २

## चालुकोष स्थापना तथा बीउपुँजीको व्यवस्था

(३) दफा ६ बमोजिम बीउपुँजी प्रदान गर्ने प्रयोजनका लागि घरपझोङ गाउँपालिकामा एक स्थायी प्रकृतिको चालुकोषको स्थापना गरिनेछ ।

(४) कोषमा गाउँ सभाद्वारा विनियोजन भएको रकम तथा गाउँपालिकाको स्वीकृतीमा अन्य तहका सरकार तथा संघ संस्थाद्धारा प्रदान हुन आएको रकम जम्मा गरिनेछ ।

## परिच्छेद ३

## कोषको परिचालन र व्यवस्थापन

(५) महिला विकास समिति तथा महिला सहकारी संस्थाले बीउपुँजी प्राप्त गर्नका लागि अनुसूची १ बमोजिमको ढाँचामा संचालक समितिको निर्णय तथा महिला विकास समिति

घरपझोङ गाउँ कार्यपालिका

तथा महिला सहकारी संस्थाको बीउपुँजी परिचालन र कर्जा लगानी नीति तथा कार्ययोजना संलग्न गरी गाउँपालिकामा निवेदन दिनुपर्ने छ ।

(६) दफा ५ अनुसार प्राप्त निवेदनहरु विश्लेषण गरि देहायको चालुकोष स्थापना तथा बीउपूँजी परिचालन व्यवस्थापन समितिको निर्णयका आधारमा महिला विकास समिति तथा महिला सहकारी संस्थालाइ बिउँपूजी उपलव्ध गराइनेछः

| | |
|---|---|
| (क) गाउँपालिकाका अध्यक्षः | संयोजक |
| (ख) गाउँपालिकाका उपाध्यक्षः | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृतः | सदस्य |
| (घ) आर्थिक विकास समितिको संयोजकः | सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुखः | सदस्य |
| (च) महिला तथा बालबालिका शाखा प्रमुखः | सदस्य सचिव |

(७) दफा ६ बमोजिमको समितिको निर्णयानुसार गाउँपालिकाले चालुकोषबाट अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरी महिला विकास समिति तथा महिला सहकारी संस्थालाई बीउपुँजी उपलब्ध गराइनेछ ।

(८) दफा ६ बमोजिमको समितिले विउपूँजी कोष परिचालनको निर्णय गर्दा बीउपुँजीको अधिकतम सीमा सम्बन्धित महिला विकास समितिको बचत कोषको पाँच प्रतिशतमा बढी नहुने वा अधिकतम रु पचास हजारसम्म र महिला सहकारी संस्थाको बचत कोषको पाँच प्रतिशतमा बढी नहुने वा अधिकतम रु दुई लाखसम्मको सीमा भित्र रही गर्नुपर्नेछ ।

(९) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

(१०) चालु कोष परिचालनको लगत आर्थिक प्रशासन शाखाको समन्वयमा अनुसूची ६ बमोजिमको ढाचाँमा सम्वन्धित शाखाले तयार गर्ने र आर्थिक प्रशासन शाखाले अनुसूची ७ बमोजिमको ढाचाँमा तयार गरी राख्नुपर्नेछ ।

## परिच्छेद ४

## बीउपुँजी संचालन र व्यवस्थापन

(११) महिला विकास समिति तथा महिला सहकारी संस्थाले बिउपुंजी परिचालन गर्दा देहायका शर्तहरु पालना गर्नुपर्नेछः

(क) महिला विकास समिति तथा महिला सहकारी संस्थाले आफना सदस्यहरूबीच मात्र बीउपुँजी परिचालन गर्नुपर्नेछ ।

(ख) बीउपुँजी परिचालनका लागि महिला विकास समितिले अनिवार्य रूपमा साधारण सभाबाट एउटा कर्जा लगानी समितिको व्यवस्था गर्ने र महिला सहकारी संस्थाले पनि

अनिवार्य रूपमा विनियमद्धारा नै एउटा कर्जा लगानी समितिको व्यवस्था गरी सोही समितिको निर्णयद्धारा कर्जा लगानी गर्नुपर्नेछ ।

(ग) बीउपुँजी परिचालन गर्दा लगानी हुने अवधि, न्यूनतम व्याजदर, प्रति सदस्य लगानी गरिने अधिकतम रकम, भाखा नाघेमा लाग्ने हर्जना आदि विषयमा महिला विकास समिति तथा महिला सहकारी संस्थाले बीउपुँजी परिचालन नीति तयार गरी सोही नीतिमा स्पष्ट उल्लेख गरी लागु गर्नु पर्नेछ । तर बीउपुँजीको लगानी व्याजदर प्रचलित बैकले बचतमा दिने व्याजदर भन्दा बढी र लगानी गर्ने व्याजदर भन्दा कम हुनु पर्नेछ ।

(घ) महिला विकास समिति तथा महिला सहकारी संस्थाले बीउपुँजीबाट लगानी गर्दा बढी भन्दा बढी सदस्य लाभान्वित हुने गरी लगानी गर्ने नीति बनाउनु पर्नेछ । लगानी गर्दा सदस्यहरूको कर्जा माग मध्येबाट उत्पादनमूलक र कम समयमा बढी प्रतिफल प्राप्त हुने खालका परियोजनामा प्राथमिकताका साथ लगानी गर्नुपर्नेछ । कर्जाको भाखा तोक्दा परियोजनाको प्रकृतिका आधारमा न्यूनतम भाखा तय गरिनुपर्दछ ।

(ङ) बीउपुँजी लगानी गर्दा कूल कोष रकमको १० प्रतिशत भन्दा बढी रकम घरायसी कामका लागि माग भएको कर्जामा लगानी गर्न पाइने छैन ।

(च) महिला विकास समिति तथा महिला सहकारी संस्थाका सदस्यले कर्जा माग गर्दा अनुसूची ३ बमोजिमको ढांचामा निवेदन पेश गर्नुपर्नेछ ।

(छ) महिला विकास समिति तथा महिला सहकारी संस्थामा नियमित बचत नगर्ने सदस्यलाई बीउपुँजीबाट कर्जा लगानी गर्न पाइने छैन ।

(ज) महिला विकास समिति तथा महिला सहकारी संस्थाहरूले प्रत्येक वर्षको असार मसान्तमा आफूले गाउँपालिकाबाट प्राप्त गरेको बीउपुँजीको २ प्रतिशत व्याज गाउँपालिकाको चालुकोष खातामा जम्मा गर्नुपर्नेछ ।

(झ) बीउपुँजी लगानी नीति अन्तर्गत ऋण लिन इच्छुक सदस्यहरू मध्ये गरीब तथा पिछडिएका वर्गका सदस्यहरूलाई महिला विकास समिति तथा महिला सहकारी संस्थाले पहिलो प्राथमिकता दिने व्यवस्था गर्नुपर्नेछ ।

(ञ) बीउपुँजी परिचालन गर्दा निर्देशिकाको परिधिभित्र रहेर लगानी र लगानी भुक्तानी प्रभावकारी हुने अन्य शर्तहरू आफैले निर्धारण गरी लागु गर्न सक्नेछन् ।

(ट) गाउँपालिकाले महिला विकास समिति तथा महिला सहकारी संस्थालाई बीउपुँजी प्रदान गर्दा शुरुमा ३ वर्षे अवधि कायम गरिनेछ ।

(१२) महिला विकास समिति तथा महिला सहकारी संस्थाले निर्देशिकाको अधिनमा रही सबै सदस्यहरूको हित हुने गरी प्रभावकारी ढंगबाट बीउपुँजी परिचालन भएको र वार्षिक व्याज बुझाएको पाएमा ३ वर्ष पश्चात पुनः थप २ वर्षका लागि सोही महिला विकास

समिति तथा महिला सहकारी संस्थालाई नवीकरण गरी बीउपुँजी परिचालन गर्न दिन सक्नेछ ।

(१३) देहायका मध्ये कुनै एक अवस्था भएमा महिला विकास समिति तथा महिला सहकारी संस्थाले कार्यालयलाई अनिवार्य रूपमा २ प्रतिशत व्याज सहितको बीउपुँजी अवधि समाप्त भएको मितिले २ महिनाभित्र फिर्ता गर्नु पर्नेछ ।

(क) सम्झौता अवधि तथा नवीकरण भएको अवस्थामा सो अवधि समेत समाप्त भएमा ।

(ख) सम्झौता रद्द भएमा ।

(१४) दफा १३ बमोजिमको व्यवस्था अनुसार महिला विकास समिति तथा महिला सहकारी संस्थाले कार्यालयलाई बीउपुँजी फिर्ता नगरेमा उक्त रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

(१५) देहायका मध्ये कुनै एक वा सोभन्दा बढी अवस्थामा कार्यालयले महिला विकास समिति तथा महिला सहकारी संस्थासंगको सम्झौता रद्द गरी बीउपुँजी फिर्ता लिन सक्नेछः

(क) महिला विकास समिति तथा महिला सहकारी संस्थाले निर्देशिकाको व्यवस्थालाई उल्लङ्घन गरेको पाइएमा ।

(ख) बीउपुँजी सम्झौता अवधि समाप्त नहुँदै महिला विकास समिति तथा महिला सहकारी संस्थाको विघटन भएमा ।

(ग) बीउपुँजी प्राप्त महिला विकास समिति तथा महिला सहकारी संस्थाले कार्यालयसंगको सम्बन्ध टुटाई अन्य निकायसंग आवद्ध भएको पाइएमा ।

(घ) तोकिएको उद्देश्य भन्दा विपरित कार्य गरेको पाइएमा ।

(ङ) यस निर्देशिकाको दफा १८ बमोजिम कर्तव्य/भूमिका निर्वाह नगरेमा ।

# परिच्छेद ५

## सम्बन्धित पक्षको काम कर्तव्य र अधिकार

**(१६) बीउपुँजी परिचालनमा कार्यालयको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछः**

(क) प्रत्येक आ.व.मा गाउँ सभामा  चालुकोष स्थापनाका लागि आवश्यक रकमको माग गर्ने ।

(ख) सबै महिला विकास समिति तथा महिला सहकारी संस्थाहरूबाट चालुकोषका लागि माग संकलन गरी तथ्याङ्क अद्यावधिक गर्ने ।

(ग) प्रत्येक चौमासिक तथा वार्षिक रुपमा सबै संस्थाहरूको चालुकोषको स्पष्ट चित्रण हुने गरी विवरण लिई केन्द्रिय तथ्याङ्क अद्यावधिक गराई राख्ने ।

(घ) महिला विकास समिति तथा महिला सहकारी संस्थालाई चालुकोषबाट बीउपुँजी परिचालनका लागि आवश्यक निर्देशन दिने ।

(ङ) चालुकोष तथा बीउपुँजी परिचालनको बारेमा समय समयमा अनुगमन गरी महिला विकास समिति तथा महिला सहकारी संस्थाहरूलाई आवश्यक निर्देशन दिने ।

(च) महिला विकास समिति तथा महिला सहकारी संस्थाहरूले बीउपुँजी परिचालन नीति विपरित कार्य गरेको पाइएमा सो महिला विकास समिति तथा महिला सहकारी संस्थासंगको सम्झौता भंग गरी बीउपुँजी फिर्ता गराउने ।

(छ) महिला विकास समिति तथा महिला सहकारी संस्थाहरूको माग तथा कोषको क्षमता अनुसार आवश्यक सम्झौता गरी महिला विकास समिति तथा महिला सहकारी संस्थाहरूलाई उपयुक्त मात्रामा बीउपुँजी रकम प्रदान गर्ने ।

(ज) बीउपुँजी परिचालन गर्ने, अभिलेख अद्यावधिक गर्ने आदि विषयमा सम्बन्धित महिला विकास समिति तथा महिला सहकारी संस्थालाई अनुशिक्षण दिने ।

(झ) महिला विकास समिति तथा महिला सहकारी संस्थाहरुको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने ।

**<u>(१७) बीउपुँजी परिचालन सम्बन्धमा महिला विकास समिति तथा महिला सहकारी संस्थाको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछः</u>**

(क) अनुसूची १ बमोजिमको ढाँचामा कार्यालयमा बीउपुँजी माग गरी निवेदन दिने ।

(ख) अनुसूची ३ बमोजिम संझौता गरी कार्यालयबाट प्राप्त बीउपुँजी नियमानुसार महिला विकास समिति तथा महिला सहकारी संस्थाको कोषमा जम्मा गरी कार्यविधिको विपरित नहुने गरी बिउपुँजी परिचालन गर्ने ।

(ग) अनुसूची ४ बमोजिमको ढाँचामा बीउपुँजी अभिलेख अद्यावधिक गरी राख्ने र अनुसूची ५ बमोजिम ढाँचामा चौमासिक/बार्षिक रुपमा बीउपुँजीको यथार्थ विवरण भरी कार्यालयमा पेश गर्ने ।

(घ) संझौता अवधि समाप्त भएको २ महिनाभित्र कार्यालयबाट प्राप्त बीउपुँजी बक्यौता व्याज सहित कार्यालयको चालुकोष खातामा जम्मा गर्ने ।

(ङ) कार्यालयबाट दिइएका लिखित / मौखिक निर्देशनको पालना गर्ने ।

(च) आफ्ना सदस्यहरुको अधिकतम हित हुनेगरी बीउपुँजी परिचालन गर्ने ।

**<u>(१८) बीउपुँजी परिचालन सम्बन्धमा सदस्यको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछः</u>**

(क) महिला विकास समिति तथा महिला सहकारी संस्थाको बीउपुँजी परिचालन नीति तय गर्नमा सक्रिय भूमिका निर्वाह गर्ने तथा सोको पालना गर्ने ।

(ख) बीउपुँजीबाट लिइएको कर्जालाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी अधिकतम लाभ आर्जन गर्न प्रयत्नरत रहने ।

(ग) बीउपुँजी रकमबाट लिइएको ऋणको साँवा, व्याज तोकिएको भाखाभित्र चुक्ता गर्ने ।

(१९) चालुकोषलाई व्यवस्थित रुपबाट संचालन गर्न कार्यालयले महिला विकास समिति तथा महिला सहकारी संस्थाको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । सो निर्देशनको पालना गर्नु सम्बन्धित महिला विकास समिति तथा महिला सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(२०) बीउपुँजी परिचालनको यथार्थ स्थिति झल्किने गरी महिला विकास समिति तथा महिला सहकारी संस्थाले अनुसूची ६ बमोजिम कार्यालयमा चौमासिक / वार्षिक रुपमा प्रतिवेदन पेश गर्नुपर्ने छ । सोको एकप्रति अद्यावधिक गरी आ–आफ्नो महिला विकास समिति तथा महिला सहकारी संस्थामा समेत राख्नुपर्ने छ ।

(२१) कार्यालयमा स्थापना भएको चालुकोषको आन्तरिक लेखापरीक्षण सम्बन्धित आ.ले.प. शाखाबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद ६

## विविध

(२२) यो कार्यविधि लागू हुनु अगावै संचालित चालुकोषको रकमहरु यो कार्यविधि लागू भए पश्चात यसै कार्यविधि बमोजिम कार्यान्वयन भएको मानिनेछ । यस अघि परिचालन भएको चालुकोषको फिर्ता हुने सबै रकमहरु यसै कोषमा एकिकृत गरी यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछन् ।

(२३) यो निर्देशिकामा उल्लेखित दफाहरुको कार्यान्वयनमा कुनै द्धिविधा परेमा त्यसको व्याख्या गर्ने अधिकार कार्यालयलाई रहनेछ ।

(२४) यो निर्देशिका कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अन्तिम अधिकार गाउँपालिकामा सुरक्षित रहनेछ ।

घरपझोङ गाउँपालिका

घरपझोङ गाउँ कार्यपालिका

अनुसूची १

**(कार्यविधिको दफा ५ संग सम्बन्धित)**

**बीउपुँजी आवेदन फाराम**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय,
जोमसोम, मुस्ताङ

विषयः बीउपुँजी उपलब्ध गराई पाउँ ।

महोदय,

तहाँ कार्यालयबाट महिलाहरुको आर्थिक सशक्तीकरणका लागि चालुकोष स्थापना तथा बीउपुँजी परिचालन कार्यविधि,२०७७ बमोमिज उपलब्ध हुने बीउपुँजी सम्बन्धमा भएको सम्पूर्ण व्यवस्था तथा सम्झौताका शर्त पालना गर्ने गरी यस घरपझोङ गाउँपालिका वडा नं.... स्थित ... ... ... ... ... ... ... ...........................समिति/संस्थालाई रु ......... .. ... (अक्षरुपी ... ... ... ... ... ... ... ... ) तोकिएको सम्झौताको शर्त अनुसार फिर्ता बुझाउने गरी उपलब्ध गराईदिनु हुन विनम्र अनुरोध गर्दछौं । संचालक समितिको बैठकको निर्णय तथा चालुकोष परिचालन नीति समेत यसैसाथ संलग्न राखी पेश गरेका छौं ।

संस्थाको विवरण
शेयर पुँजीः
बचत कोषः

भवदिय
... ... .. ... ... ...
अध्यक्ष
.......................
समिति/संस्था

घरपझोङ गाउँ कार्यपालिका

अनुसूची २

(कार्यविधिको दफा ७ संग सम्बन्धित)

**<u>सम्झौता पत्र</u>**

आज मिति २०   ।   ।   मा घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय (कार्यालय) र ..........................................(समिति/संस्था) वीच तल उल्लेखित शर्तका परिधिभित्र रही बीउपुँजी रु ... ... ... ... अक्षेरुपी ...................................... परिचलन गर्न हस्ताक्षर गरी सम्झौता गरेका छौं । यसमा कुनै फरक पर्ने छैन । सम्झौताका शर्त तथा महिला सशक्तीकरणका लागि चालुकोष स्थापना तथा बीउपुँजी परिचालन कार्यविधि, २०७७ मा उल्लेखित शर्तहरू भित्र रही चालुकोष सञ्चालन नभएमा प्रचलित ऐन नियम बमोजिम सहुँला बुझाउँला ।

**शर्तहरू**

१) यो सम्झौता ३ वर्षका लागि लागू गर्नमा हामी दुबै पक्ष सहमत छौ, तर संस्थाले संचालन सम्बन्धी शर्तहरू उल्लघन गरेमा कार्यालयले बिचैमा सम्झौता भंग गरी बीउपुँजी रकम फिर्ता लिनसक्नेछ ।

२) बीउपुँजी संचालन विधि तथा यसका अनुगमन तरिका र त्यसबाट पाउनुपर्ने प्रतिफल प्रभावकारी तथा शर्त बमोजिम देखिएमा कार्यालयले पुनः थप २ वर्षको लागि सम्झौता नविकरण गर्न सक्नेछ ।

३) कार्यालयबाट उपलब्ध बीउपुँजी परिचालनको अभिलेख समिति/संस्थाले कार्यविधि बमोजिम दुरुस्त राखी सो अभिलेख चौमासिक/बार्षिक रूपमा कार्यालय समक्ष पठाउनु पर्नेछ ।

४) सम्झौतामा उल्लेख भएको बीउपुँजी रकमको बार्षिक २ प्रतिशत व्याज प्रत्येक बर्षको असार मसान्तमा समिति/संस्थाले कार्यालयलाई बुझाउनु पर्नेछ ।

५) बीउपुँजी रकम समिति/संस्थाको खातामा जगेडा नराखी परिचालन गरी रहनु पर्नेछ ।

६) बीउपुँजी परिचालन प्रयोजनका लागि समिति/संस्थाले एउटा कर्जा समिति गठन गर्नुपर्नेछ ।

७) बीउपुँजी परिचालन गर्दा कुनै ऋणी सदस्यबाट नियम विपरित कार्य गरे समिति/संस्थाको कोष परिचालन नीतिमा व्यवस्था भए अनुसार दण्ड जरिवाना गरी यथाशिघ्र ऋण असुली गर्नुपर्नेछ ।

घरपझोङ गाउँ कार्यपालिका

८) बीउपुँजीको लगानी व्याजदर प्रचलित प्रचलित बैंकले बचतमा दिने व्याजदर भन्दा बढी र लगानी गर्ने व्याजदर भन्दा कम हुनु पर्नेछ ।

९) समिति/संस्थाले आफना शेयर सदस्यहरूभन्दा बाहिर लगानी गर्न पाइने छैन ।

१०) सम्झौता बमोजिमको बीउपुँजी रकमको सम्पूर्णं जिम्मेवारी समिति/संस्थाकै हुनेछ ।

११) माथि उल्लेख भएका शर्त बाहेक अन्य कुराहरू निर्देशिका बमोजिम दुबै पक्षका लागि समान रूपमा मान्य हुनेछन् ।

| **समिति/संस्थाको तर्फबाट** | **कार्यालयको तर्फबाट** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| समिति/संस्थाः | कार्यालयः घरपझोङ गा.पा. |

साक्षीः

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| समिति/संस्थाः | कार्यालयः घरपझोङ गा.पा. |

घरपझोङ गाउँ कार्यपालिका

अनुसूची–३

कार्यविधिको दफा ११ को (च) सँग सम्बन्धित

**ऋणको आवेदन फाराम**

**श्रीमान् अध्यक्षज्यू,**

...................................समिति/संस्था

........................................................

विषयः बीउपुँजीबाट ऋण उपलव्ध गराइपाउँ ।

महोदय,

यस समिति/संस्थाको बीउपुँजी परिचालन नीतिको पूर्णतः पालना गर्ने शर्तमा ......................... ........................... .................................. व्यवसाय / परियोजना संचालन गर्नका लागि रु .............................. ............... ........... (अक्षरुपि ........................................) ........... .......... अवधिका लागि उपलव्ध गराइ दिनुहुन विनम्र अनुरोध गर्दछु ।

नामः

ठेगानाः

सदस्यता नं.

बाबु / पतिको नामः

बाजे / ससुराको नामः

...................................

दस्तखत

अनुसुची ४

निर्देशिकाको दफा १७ (ग) सँग सम्बन्धित

# संस्था/समितिले राख्ने बीउपुँजी परिचालन अभिलेख

जिल्लाः मुस्ताङ बैंकको नामः मूल बीउँपुँजी रुः-

संस्था/समितिको नामः खाता नं.: स्रोतः घरपझोङ गाउँपालिका, जोमसोम

ठेगानाः घरपझोङ - ........ कोष स्थापना मितिः

| सि.नं. | सदस्यता नं. | बीउपूँजीबाट कर्जा लिने सदस्यको नाम | ठेगाना | लगानी | | | | असुली | | | | | बुझाएको मिति | बुझिलिनेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लगानी मिति | परियोजनाको उद्देश्य | रकम | बुझाउनेको सही | बुझाउनु पर्ने मिति | साँवा | व्याज | हर्जाना | जम्मा रकम | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

घरपझोङ गाउँ कार्यपालिका

अनुसुची - ५

निर्देशिकाको दफा २० सँग सम्बन्धित

**समिति/संस्थाले कार्यालयमा पठाउने बीउपुँजी प्रगति विवरण**

..........................................समिति/संस्था

..........साल ...............चौमासिक /बार्षिक

<u>बीउपुँजी प्रगति प्रतिवेदन</u>

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
घरपझोङ गाउँपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ।

हाम्रो समिति/संस्थामा त्यस कार्यालयबाट प्राप्त बीउपुँजीको हालसम्मको प्रगति यस प्रकार भएको व्यहोरा अनुरोध गर्दछौं ।

**समिति/संस्थाको विवरण**

क) बीउपुँजी स्थापना मितिः ..............

ख) मूल बीउपुँजीः

ग) जम्मा सदस्य संख्याः

**<u>बीउपुँजीबाट लगानीको विवरणः</u>**

| सि. नं | परियोजनाको किसिम | लगानी | | असुली | | | | नगद/बैंक | बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सदस्य संख्या | रकम | सदस्य संख्या | साँवा | ब्याज | जम्मा | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्माः | | | | | | | | | |

अध्यक्ष/सचिव

घरपझोङ गाउँ कार्यपालिका

**अनुसुची - ६**

कार्यविधिको दफा १० बमोजिम

## कार्यालयले राख्ने बीउपुँजी अभिलेख फाराम

घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय

...................... साल ........................चौमासिक /वार्षिक

| सि नं | चालुकोषबाट बीउपुँजी प्रदान गरेको संस्थाको नाम | ठेगाना | बीउपुँजी प्रदान गरेको मिति | जम्मा सदस्य संख्या | स्रोत | शुरु बीउपुँजी | लगानी | | | | असुली | | | | बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | उत्पादनमुलक | | अन्य | | साँवा | | व्याज | | नगद | मौज्दात | |
| | | | | | | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

घरपझोङ गाउँ कार्यपालिका

# अनुसूची -७

## निर्देशिकाको दफा १० सँग सम्बन्धित

## लेखा शाखामा राख्ने चालुकोष अभिलेख विवरण

| सि.नं. | चालुकोष प्राप्त आ.व. | स्रोतको नाम | प्राप्त रकम | संस्थाबाट प्राप्त व्याज | | जम्मा ७=(४+५+६) | लगानीमा रहेको | | लगानीमा रहेको कुल रकम रु. | बैंक खातामा रहेको रकम रु. | जम्मा रकम रु. | लगानीमा रहेका मध्ये | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गत आ.व.सम्म | चालु आ.व. | | समिति संख्या | संस्था संख्या | | | | भाखा नाघेको रकम रु. | भाखा ननाघेको रकम रु. | बेरुजि रहे/पेश्की रकम रु. |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ (१०+११) | १२ | १३ | १४ |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | जम्मा रू | | | | | | | | | | | | | |